गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनुपर्छ ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ३५ ○श्रेणी 'क' ○२०७२ कार्तिक १२ गते बिहीबार ○ 29 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

**खुशीको खबर !!!**

योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

# पहिलो महिला राष्ट्रपतिमा भण्डारी निर्वाचित

## राष्ट्राध्यक्षको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्ने प्रतिवद्धता

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ११ कार्तिक ।**

इतिहास रच्दै गणतान्त्रिक नेपालको पहिलो महिला राष्ट्रपतिको रुपमा नेकपा एमालेकी उपाध्यक्ष विद्या भण्डारी राष्ट्रपतिमा निर्वाचित भएकी छन्। एमाले उपाध्यक्ष भण्डारी बुधबार संविधानसभा भवनमा भएको निर्वाचनमा नेपाली काँग्रेसका केन्द्रीय सदस्य कुलबहादुर गुरुङलाई पराजित गरी राष्ट्रपतिमा निर्वाचित भएकी हुन्। व्यवस्थापिका संसदमा ५ सय ९७ जना सांसद् रहेकामा भण्डारीले मत ३ सय २७ पाइन । निर्वाचनमा ५ सय ४९ मत खसेको थियो। खसेको मतमध्ये ८ मत बदर भएको छ। भण्डारीले खसेको मतको ५९ दशमलव ५६ प्रतिशत तथा कुल सदस्य संख्याको ५४ दशमलव ७७ प्रतिशत मत पाइन्। उनका प्रतिद्वन्दी नेपाली काँग्रेसका केन्द्रीय सदस्य कुलबहादुर गुरुङले २ सय १४ मत पाएका थिए। काँग्रेससँग २ सय ७ जना सांसद रहेकामा दुई जना अनुपस्थित भएकाले गुरुङले अन्य दलका ९ सांसद्को मात्र मत पाएका थिए। तर एमाले उपाध्यक्ष भण्डारीले भने आफ्नो पार्टीका सांसद् बाहेक १ सय ४३ जनाको भोट पाइन्। निर्वाचनपछि बुधबार अपरान्ह बसेको व्यवस्थापिका संसद्को बैठकमा सभामुख ओनसरी घर्तीले भण्डारी राष्ट्रपतिमा निर्वाचित भएको घोषणा गरेकी थिइन्। नेपालको इतिहासमा महिलाले मुलुकको राष्ट्राध्यक्षको पद पाएको यो पहिलो पटक हो। यसअघि नेपाली काँग्रेसका डा. रामवरण यादव राष्ट्रपति निर्वाचित भएका थिए। मुलुकमा गणतन्त्र आउनु पहिले राजा राष्ट्राध्यक्ष हुने चलन थियो। महिलाले मन्त्री पद पाउनुलाई पनि निकै महत्व दिने गरिएको अवस्थामा एमाले उपाध्यक्ष भण्डारी राष्ट्रपतिमा निर्वाचित हुनुलाई लैंगिक दृष्टिकोणले निकै ठूलो उपलब्धि मानिएको छ । सभामुख घर्तीले मत परिणाम



सार्वजनिक गरेलगत्तै नवनिर्वाचित राष्ट्रपति भण्डारीलाई वधाइ दिन सांसद्हरुको भीड लागेको थियो।

यसैगरी नवनिर्वाचित राष्ट्रपति विद्यादेवी भण्डारीले बिहीबार आफ्नो पद तथा गोपनियताको शपथ लिने भएकी छन्। दिउँसो ३ बजे राष्ट्रपति भवन शीतल निवासमा आयोजना हुने विशेष समारोहमा प्रधानन्यायाधीश कल्याण श्रेष्ठबाट राष्ट्रपति भण्डारीले शपथ लिनेछिन्। राष्ट्रपति कार्यालयले आफ्नै भवन परिसरमा आयोजना गर्ने समारोहमा शपथ ग्रहणको कार्यक्रम तय भएको राष्ट्रपतिका रामवरण यादवका प्रेस सल्लाहकार राजेन्द्र दाहालले बताए।

यसैबीच नवनिर्वाचत राष्ट्रपति विद्या भण्डारीले राष्ट्रपतिमा आफ्नो विजय सबै नेपालीको जीत भएको बताएकी छन्। पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र नेता माधवकुमार नेपाललाई दायाँबायाँ राखेर संविधानसभा भवनबाट वाहिरिने क्रममा नवनिर्वाचित राष्ट्रपति भण्डारीले संचारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिंदै राष्ट्राध्यक्षको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्ने बताइन्। उनले मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाभिमान र राष्ट्रिय एकतालाई केन्द्रविन्दुमा राखेर संविधानले दिएको जिम्मेवारी पूरा गर्ने बताइन्। संचारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिएर नवनिर्वाचित राष्ट्रपति भण्डारी सुरक्षाकर्मीको कारगेडसहित निवास तर्फ लागेकी थिइन्। सरकारले नवनिर्वाचित राष्ट्रपति भण्डारी लाई १ करोड २ लाख रुपैयाँ मूल्यको भक्सवागन कारको व्यवस्था गरेको छ ।

यसैबीच नवनिर्वाचित राष्ट्रपति विद्यादेवी भण्डारीलाई राष्ट्रपति डा रामवरण यादवले बधाई दिएका छन्। व्यवस्थापिका-संसद्बाट निर्वाचित भएको घोषणालगत्तै राष्ट्रपतिले टेलिफोन गरी नवनिर्वाचित राष्ट्रपति भण्डारीलाई बधाई दिएको राष्ट्रपतिका प्रेस सल्लाहकार राजेन्द्र दाहालले जानकारी दिए। राष्ट्रपति डा यादवले नवनिर्वाचित राष्ट्रपति भण्डारीलाई हार्दिक बधाई ज्ञापन गर्दै उनको सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेका थिए।

यता, नेकपा (एमाले) निकट युवा सङ्घ नेपालले पार्टीका उपाध्यक्ष विद्यादेवी भण्डारी राष्ट्रपति पदमा निर्वाचित भएको खुसियालीमा नयाँ बानेश्वर तथा आसपास क्षेत्रमा दीप प्रज्वलन गरेको छ । मुलुकमा प्रथम महिला राष्ट्रपतिका रुपमा भण्डारी निर्वाचित भएकामा युवा सङ्घले खुसियाली मनाएको हो । पार्टीका केन्द्रीय सदस्य तथा युवा सङ्घका इन्चार्ज शेरधन राई, अध्यक्ष राजीव पहारीसहितको पदाधिकारी, केन्द्रीय सदस्य तथा सर्वसाधारणको सहभागितामा उक्त कार्यक्रम भएको हो । सङ्घका इन्चार्ज राईले मुलुकमा लोकतान्त्रिक अभ्यासबाट महिलाले पनि राष्ट्रपतिको अवसर प्राप्त गरेकामा खुसी व्यक्त गरे । सङ्घका केन्द्रीय सदस्य विष्णु त्रिपाठीले संविधानसभाबाट निर्माण भएको संविधानले महिलालाई पनि जिम्मेवार पदमा पुऱ्याएको भन्दै यसलाई सबैले स्वीकार गर्नुपर्ने धारणा प्रकट गरे ।

यस्तै नेकपा एमालेकी उपाध्यक्ष विद्यादेवी भण्डारी मुलुकको पहिलो महिला राष्ट्रपति भएको खुसियालीमा दाङमा दिपावली भएको छ। एमालेको भातृसंगठन युवासंघले दाङले लमहीमा बुधवार अपरान्ह दिपावली गरेको हो। त्यसक्रममा उपस्थित सबैलाई मिठाई समेत वाँडिएको थियो। यस्तै विद्या भण्डारी राष्ट्रपति पदमा निर्वाचित भएको खुसियालीमा विराटनगरमा दीपावली गरिएको छ । नेकपा (एमाले)का कार्यकर्ताले विराटनगरको जनआन्दोलनचोकमा मैनबत्ती बालेर दीपावली गरेका हुन् । उक्त अवसरमा एमालेका जिल्ला अध्यक्ष महेश रेग्मीलगायत पार्टीका भ्रातृ सङ्गठनका कार्यकर्ता सहभागी थिए । यसैबीच महेन्द्र मोरङ क्याम्पसका पूर्व विद्यार्थी भण्डारी आज मुलुकको सर्वोच्च पदमा आसिन भएकामा सो क्याम्पसका प्रमुख सरोजकुमार चौधरीले बधाई ज्ञापन गरेको छ । राष्ट्रपतिमा भण्डारी निर्वाचित भएर क्याम्पसको गौरव बढेकामा खुसी व्यक्त गर्दै उनले राष्ट्रपतिको कार्यकाल सफल होस् भन्ने कामना पनि गरेका छन् ।

**सभामुखको जिब्रो लटपटिंदा**

नेपालको दोस्रो राष्ट्रपतिमा विद्यादेवी भण्डारी निर्वाचित गरेको घोषणा गर्दा सभामुख ओनसरी घर्तीमगरको जिब्रो लटपटियो । भण्डारीले प्राप्त गरेको मत संख्या तीन सय २७ हुनुपर्नेमा घर्तीले हड्वडाएर दुई सय २७ भन्नपुगेकी थिइन् । राष्ट्रपतिमा जितका लागि दुई सय ९९ सय मत आवश्यक पर्छ । नेपालको पहिलो महिला सभामुखका रुपमा निर्वाचित घर्तीले पहिलो महिला राष्ट्रपतिका रुपमा भण्डारीको नाम घोषणा गर्ने संयोग मिलेको थियो । सभामुखको हैसियतमा चलाएको दोस्रो वैठकमा उनले राष्ट्रपतिको घोषणा गर्ने अवसर पाइन् । मत परिणाम वाचन गर्ने क्रममा घर्तीले सुरुमा कुलबहादुर गुरुङको मतसंख्या सहि भनिन् । दोस्रोमा भण्डारीको मतसंख्यामा भने चिप्लिइन् । भण्डारीको जित पहिल्यै सुनिश्चित रहेको अवस्थामा ताली पिट्न ठिक्क परेका सभासदहरु सभामुखले 'एमालेकी उम्मेदवार विद्यादेवी भण्डारीले दुई सय २७ मत ल्याउनुभएको छ' भनेपछि अल्लमल्ल परे । भण्डारी स्वयम् आफ्नो मतसंख्या सुनेर क्षणिकरुपमा 'नर्भस' देखिइन् । तत्कालै संसद सचिवालयका महासचिवले दुई सय

बाँकी ३ पृष्ठमा......

# संविधानको सहज कार्यान्वयन आजको प्रमुख आवश्यकता-प्रचण्ड

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ११ कार्तिक ।**

एकीकृत नेकपा(माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रपतिमा महिला निर्वाचित हुनुलाई ऐतिहासिक उपलब्धी भएको बताएका छन् । संसद भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले सभामुखमा पनि महिला निर्वाचित हुनु र राष्ट्रपतिमा समेत महिला नै निर्वाचित हुनु खुसीको विषय भएको बताए । 'राष्ट्रपतिमा सक्षम महिला निर्वाचित हुनु खुसीको कुरा हो', उनले भने । एमाले उपाध्यक्ष विद्या भण्डारी नेपालको राष्ट्रपतिमा केही बेर अगाडि मात्रै निर्वाचित भएकी थिएन । उनले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि पहिलो पटक महिला राष्ट्रपतिमा निर्वाचित भएकी हुन् । उनले संविधानको सहज कार्यान्वयन सुरु भएको भन्दै बाँकी रहेका अन्य समस्या समेत सहज रुपमा सम्बोधन गर्ने विश्वास व्यक्त गरे । संविधानको सहज कार्यान्वयनले उत्पीडित वर्ग तथा समुदायको राज्यको उच्च तहमा प्रतिनिधित्व भएको बताए । उनले मधेसमा आन्दोलन जारी रहेकाले त्यसलाई सम्बोधन गर्न आफूहरु गम्भीर भएर लागेको प्रतिक्रिया दिए । गम्भीर रुपमा छलफल जारी रहेको र आफ्नो नेतृत्वमा रहेको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा समेत मधेस आन्दोलन, इन्धन संकटको विषयमा छलफल भएको र समस्या समाधान गर्ने प्रयत्नमा रहेको बताए । समावेशी समानुपातिक मूल्य मान्यतालाई संस्थागत गर्ने प्रयासमा आफूहरु रहेको र संविधानको सहज कार्यान्वयन गराउनु आजको प्रमुख आवश्यकता रहेको प्रचण्डले बताए । इन्धन संकटको समाधान र तराई मधेसको आन्दोलनलाई सार्थक रुपम सम्बोधन गर्न आफूहरु प्रयन्तशील रहेको बताए । विगतमा पनि आफूले भूकम्पको पीडामा सरकारलाई सहयोग गरेको उल्लेख गर्दै उनले सरकार बनाउँदा पनि काँग्रेस सामेल होओस भनेर पहल गरेको उल्लेख गरे

राष्ट्रपतिका लागि सहमति जुटाउन पहल गरेपनि सफल हुन नसकेको भन्दै राष्टका अगाडि रहेका समस्या समाधान गर्न काँग्रेससँग मिलेर काम गर्न तयार रहेको बताए । नेपाली काँग्रेससँग पनि मिलेर अगाडि बढ्न चाहेको उल्ल्ेख गर्दै प्रचण्डले भने,-'सहमतिका आधारमा राष्ट्रपति चयन गर्न हिजो बिहान पनि मैले पहल गरेको थिए तर सफल हुन सकिन । तैपनि सबै दलसँग मिलेर अगाडि बढ्नु नै प्रमुख आवश्यकता हो ।'

यसैगरी प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रपतिमा विद्या भण्डारीको विजय ऐतिहासिक उपलब्धि भएको बताएका छन्। प्रधानमन्त्री ओलीले संविधानसभा भवनमा संचारकर्मी लाई संक्षिप्त प्रतिक्रिया दिँदै भण्डारी राष्ट्रपतिमा निर्वाचित हुनुले नेपाली महिलाहरु नीति निर्माणदेखि शासन संचालन गर्न सक्षम छन् भन्ने देखाएको बताए। प्रधानमन्त्री ओलीले निर्वाचनमा हार जित हुनुलाई स्वभावित रुपमा लिनुपर्ने बताए। उनले नेपाली काँग्रेसप्रति कटाक्ष समेत गरेका थिए।पावर सेयरिङमा सबैभन्दा ठूलो शक्ति वाहिरिएको सम्बन्धमा तपाईंको के प्रतिक्रिया छ भनी संचारकर्मीले राखेको जिज्ञासामा प्रधानमन्त्री ओलीले काँग्रेस उमेद्वारले २ सय १४ मत प्राप्त गर्नु नै पावर सेयरिङ भएको बताए। यस्तै एमाओवादीका सचिव एवम् उपप्रधानमन्त्री टोपबहादुर रायमभ्फीले राष्ट्रपतिमा महिला निर्वाचित हुनु खुसीको विषय भएको बताए । उनले संविधानको सहज कार्यान्वयन नै हालको प्रमुख चुनौती भएकाले त्यसलाई आत्मसात गरेर अगाडि बढ्नुपर्ने विचार व्यक्त गरे ।

यता, नेपाली काँग्रेसका सभापति सुशील कोइरालाले राष्ट्रपति पदमा निर्वाचित विद्यादेवी भण्डारीले सबैलाई साथमा लिएर अघि बढ्ने विश्वास व्यक्त गरेका छन् । राष्ट्रपति पदमा भण्डारी निर्वाचित भएपछि व्यवस्थापिका-संसद्बाट बाहिरिने क्रममा सभापति कोइरालाले सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै आफ्नो पार्टीले प्रजातान्त्रिक प्रक्रियाअनुसार राष्ट्रपति पदमा उम्मेदवारी दिएको बताए । सभापति कोइरालाले राष्ट्रपतिमा निर्वाचित भण्डारीलाई बधाई तथा शुभकामना पनि दिए ।

# इन्धन सन्तुलित र पारदर्शी रुपमा वितरण गर्न आग्रह

## पोखरामा इन्धन भित्र्याउन मुग्लिनमा धर्नाको तयारी गर्दै पोउवासंघ

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**

पोखराका विभिन्न नागरिक तथा पेशागत संस्थाहरुले ईन्धन सन्तुलित र पारदर्शी रुपमा वितरण गर्न आग्रह गरेका छन् । ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालका केन्द्रीय सदस्य आनन्दराज मुल्मीको अध्यक्षतामा वुधवार वसेको संस्थाहरुको वैठकले प्रभावकारी र समुचित वितरण गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ । वैठकले भारतले करिव एक महिना अघिदेखि लगाएको अघोषित नाकावन्दीका कारण मुलुकको आम जनजीवन अस्तव्यस्त भएको भन्दै, यसबाट मुलुकको आर्थिक र सामाजिक क्षेत्र नराम्रोसँग प्रभावित भई आम नागरिकको जीवन कष्टकर बनाएको नागरिक समाजको निष्कर्ष छ ।

मधेशी मोर्चाको आन्दोलनले नागरिकलाई अत्यन्त पीडादायी र देशको अर्थ व्यवस्थालाई चौपट पार्ने कार्य गरेको कारण आन्दोलन स्थगन गरी सार्थक वार्तामा वस्न पनि नागरिकले आव्हान गरेका छन् । सरकार र मधेशी दलहरुवीच सुरु भएको वार्ता सकरात्मक र सार्थक निस्कर्षमा पुग्ने अपेक्षा नागरिक समाजले गरेको छ । विषम परिस्थितिमा नाकाबन्दी लाई बहाना बनाई हरेक क्षेत्रमा मूल्य वृद्धि गर्ने र अभाव सृजना गरी नाजायज फाइदा लिने प्रवृत्ति वढ्दै गएको गुनासो आउन थालेको कारण सरकार र राज्य संयन्त्रले यस दिशातर्फ गम्भीर चासो दिन आग्रह गरिएको छ ।

अभाव र पिडाको वेला मितव्ययी बन्ने, दुःखसुखका वेला आपसमा मिलेर वस्ने नेपाली संस्कारलाई फेरी एक पटक आत्मासाथ गर्दै अहिलेको जटिल अवस्थामा आपसी सद्भाव, एकता कायम राखी स्वाभीमान जोगाउन आग्रह पनि गर्दछौं नागरिक समूहहरुको तर्फवाट निकालिएको विज्ञप्तिका उल्लेख छ । अन्य प्रदेशको तुलनामा प्रदेश नं. ४ मा इन्धनको समस्या जटिल बनेको हुँदा आपूर्ति व्यवस्था सहज बनाउन अनुरोध गर्दै आगामी दिनहरुमा इन्धन वितरण कार्य प्रभावकारी र समुचित गर्न सम्बन्धित निकायको ध्यानाकर्षण पनि संस्थाले गराएका छन् । संकटको यस घडीमा चाडपर्व र संस्कारका नाममा फजुल खर्च गर्ने, तडक भडक देखाउने र अस्वभाविक काम नगर्न सवै नागरिकसँग संस्थाहरुको तर्फवाट अपिल गरिएको छ । यस संकटपूर्ण अवस्थामा अनावश्यक मूल्य वढाउने, कृत्रिम अभाव खडा गर्ने, र नागरिकलाई महङ्गीको मार खेप्न वाध्य पार्ने काम कुनैपनि उद्योगी, व्यवसायी र तथा समूह कहीँ कतैवाट नगर्नुहुन समूहको तर्फवाट अनुरोध गरिएको छ ।

दैनिक जनजीवनलाई सहज वनाउन सवैको सहयोग र सहकार्यवाट अगाडि वढन सरकार, राजनीतिक दल, सुरक्षाकर्मी, नागरिक समाज, पेशा व्यवसायी सवै पक्षलाई नागरिक समूहले हार्दिक अपिल गरेको छ । समूहको तर्फवाट कार्तिक १२ गते साढे ११ वजे कास्कीका प्रमुख जिल्ला अधिकारी र पश्चिमाञ्चल क्षेत्रीय प्रशासकलाई वर्तमान परिस्थितीका वारेमा ध्यानाकर्षण गराउँदै स्मरणपत्र वुझाउने सुनासका अध्यक्ष पुण्य पौडेलले जानकारी दिए ।

यसैबीच **नागरिक समाज पोखरा**ले पोखरामा इन्धनको अभाव, कालोबजारी र सुरक्षा स्थितिको विषयमा जिल्ला प्रहरी कार्यालय कास्की र जिल्ला प्रशासन कार्यलय कास्कीमा ध्यानाकर्षण पत्र बुझाएको छ । नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेलको नेतृत्वमा मानवअधिकारकर्मी र पत्रकार सहितको टोलीले कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक हरिबहादुर पाल र प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर राउतलाई ध्यानाकर्षण पत्र बुझाएको छ । इन्धन अभावमा नागरिकले भोगेको नियति र सुरक्षा स्थिति, इन्धन वितरण प्रक्रियामा भएको लापर्वाही रोक्नुपर्ने, कालोबजारी भएको गुनासो आएकाले अनुसन्धान गर्नुपर्ने, एकै समयमा सबै पेट्रोल पम्पमा इन्धन वितरण गर्नुपर्ने, रातिको समयमा इन्धन वितरण गर्दा महिला र शभ्य नागरिक लाई असुविधा भइ मानवअधिकार उल्लङ्घन भएको भन्दै दिउसोमा इन्धन वितरणको व्यवस्था मिलाउन ध्यानाकर्षण पत्र बुझाएको नागरिक समाज पोखराका संयोजक राम बहादुर पौडेलले बताए । यस्तै नागरिक समाजले विगत २०६७ साल देखि सुरु गरेको कास्कीलाई पटका मुक्त क्षेत्र यस वर्ष पनि निरन्तरता दिने पौडेलले बताए ।

ध्यानाकर्षण पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी राउतले दिउसोको समयमा इन्धन वितरणको व्यवस्था मिलाउन पहल गर्ने आश्वासन दिए । यस्तै प्रहरी प्रमुख हरि पालले मातहतका निकायमा निर्देशन दिएर सुरक्षा व्यवस्था चुस्त पार्ने प्रतिबद्धता व्यक्त गरे । प्रहरीले गैरजिम्मेवारी रुपमा पम्पमा गइ अरुको मोटरसाइकलमा पेट्रोल लिएको जानकारी पाए आफूले कार्वाही गर्ने पालको भनाइ छ ।

यसैबीच **पोखरा उद्योग वाणिज्य संघ**ले मुग्लिङमा धर्ना बसेर भए पनि पोखरा लगायत पश्चिमाञ्चल क्षेत्रमा सहज इन्धन आपूर्ति पहल गर्ने निर्णय गरेको छ । संघका कार्यवाहक अध्यक्ष देव क्षेत्रीको अध्यक्षतामा बुधबार भएको सरोकारवालाहरुको बृहत बैठकले नेपाल भित्रिएका इन्धनका गाडीहरु राजधानीतिर मात्र लगिएपछि मुग्लिङमा धर्ना बसी २५ प्रतिशत गाडीहरु पश्चिमाञ्चल क्षेत्रमा ल्याउन पहल गर्ने निर्णय गरेको हो । यद्यपि, धर्नाभन्दा अगाडि संघले इन्धन सहज आपूर्तिका लागि राजधानी पुगी सम्बन्धित निकायको ध्यानकर्षण गराउने छ । बैठकले पेट्रोलियम पदार्थको सहज आपूर्ति हुन नसक्दा औद्योगिक प्रतिष्ठान, व्यापार व्यवसाय, पर्यटन क्षेत्र र आम नागरिकको दैनिक जीवन कष्टकर भएको ठहर गर्दै सहज आपूर्तिका लागि पहिलो चरणमा संघकै अगुवाईमा काठमाडौंमा डेलिगेसन जाने निर्णय गरेको हो ।

**शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी**
**काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा**

के तपाई लामो समयदेखि सुगर प्रेसरके समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्वन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेपज्ञ **डा. श्यामराज रेग्मी** पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।

**बिरामी जाँच** : २०७२ कार्तिक १४ गते शनिबार
**समय** : विहान ९ बजेदेखि ३ बजेसम्म

सम्पर्क :
**परिचित मेडिकल हल**
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४

**वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ**

विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ-सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ-सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ...

Tailoring ...since 1996

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- *लर्ड नेपियर*

## सम्पादकीय . .

# एकताले मात्र मुलुक संवृद्ध

भारतले नेपालमाथि लगाएको नाकाबन्दीले महान् चाड दशैं अभावग्रस्त बने पनि त्यसले समस्त नेपालीमा एक किसिमको राष्ट्रिय अठोटको भावना सिर्जना गरेको छ। मुलुक आफ्नै आधारमा चल्नुपर्छ। कसैले लगाम आफ्नो हातमा लिएर नेपालीको गति, दिशा र गन्तव्य निर्धारण गर्ने परिस्थिति स्वीकार्य हुनु हुँदैन भन्ने शिक्षा अहिलेको नाकाबन्दीबाट आमनागरिकले लिएका छन्। तर यहाँका नेताहरूले भने यो नाकावन्दीबाट उचित पाठ सिक्न सकेका छैनन्। आफ्नो स्वतन्त्रता र सार्वभौमसत्ताबाट निर्दिष्ट निर्णय लिँदा विगत पनि भारतले पटकपटक नेपालमाथि आर्थिक नाकाबन्दी लगाएको थियो। नेपालबाट भारतीय सैनिक नियोग तथा उत्तरी सीमानाबाट भारतीय सेना हटाउँदा, नेपाली सेनालाई आवश्यक केही हतियार चीनबाट किन्दा र बाह्र बुँदेपछि उसले नियन्त्रित र निर्देशित गरेको राजनीतिको अवज्ञा हुँदा भारतले नाकाबन्दीको सहारा लिएको छ। भारतको यो प्रवृतिको अन्तर्राष्ट्रिय जगत र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका सदस्य राष्ट्रहरूबाट पनि विरोध भइरहेको छ। नाकाबन्दीपछि उत्पन्न अभावको परिस्थिति तत्काल सामान्य बनाउने सोचका साथ उत्तरी छिमेकी चीनले तत्काल एक लाख मेट्रिक टन पेट्रोल अनुदानस्वरूप र दीर्घकालीन रूपमा अरू वैकल्पिक व्यवस्था गर्न अग्रसर हुने वताएको छ। एउटा घनिष्ट छिमेकीबाट अपमानित नेपालका लागि यो एउटा अवसर हो। यसलाई आत्मनिर्भरता र बाह्य राजनीतिक हस्तक्षेपबाट मुक्ति गराउन सही रुपमा उपयोग गर्न सक्नु पर्दछ। यदि बाबुराम भट्टराईको गोप्य एजेन्डा अनुसार एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भारतसमक्ष झुकेको भए शायद यो नाकावन्दीको परिस्थिति आउने थिएन। तर राष्ट्रिय स्वाभीमानका लागि प्रचण्डले जुन अगुवाई गरे यो सार्वभौमिकताका लागि ठूलो देन हो। यसबाट कम्तीमा पनि नेपालीपन कायम गर्न सकिएको छ। नेपालको राजनीति र महत्वपूर्ण परिवर्तनको स्विच भारतले आफ्नो हातमा राखेको तथ्यलाई यहाँका राजनीतिक दल र यिनका नेताहरुले स्विकार गरी त्यसलाई सुधारी नेपाली जनताबाट अनुमोदन गरेमा मात्र भारतीय नाकाबन्दी पूर्णत: विफल हुनेछ। चीनले नेपाललाई दिएको सहयोग त एउटा मित्रराष्ट्रको आत्मसम्मानका लागि हो, त्यो नेपालले बुझ्नुपर्छ। आत्मसम्मान प्राप्त गर्न केही कष्ट, केही मितव्ययिता हरेक तहमा अपनाउनु नै पर्छ। संविधान र राष्ट्रिय राजनीति नेपाल र नेपाली जनताको सार्वभौम क्षेत्राधिकारमा नआएसम्म भौतिक सामग्रीको आपूर्तिले मात्र नेपालीले विभिन्न समयमा गुमाएको राष्ट्रिय चरित्र र सम्मान पुनर्स्थापित हुन सक्दैन। वास्तवमा संविधानको सार्थकता केवल तीनचारवटा पार्टी या तिनका शीर्ष नेताहरूले के पद पाउँछन् भन्नेमा मात्र सीमित रहेमा त्यसले जनताको आक्रोश बढाउँछ र नाकाबन्दी र नेपाललाई अपमानित गर्न चाहने बाहिरी शक्तिले खेल्ने मौका पाउनेछन्। त्यसैले मुलुकभित्रका समस्याको समाधान आन्तरिक एकताका आधारमा गर्नु आवश्यक छ। त्यसैले नाकाबन्दीलाई सकारात्मक अवसरका रूपमा लिई पार्टीहरु बीचको एकतालाई कायम गरी अगाडि बढ्नु पर्दछ। यसबाट नै मुलुकको हित र समृद्धिको वाटो खुल्नेछ।

# पराश्रित राजनीतिक संस्कार र राष्ट्रियता

**उपेन्द्र झा**

नेपाली राज्यसत्तालाई संघीय संरचनाबाट जोगाउन पहिलो संविधान सभादेखि साजिशपूर्ण ढंगबाट सक्रिय खस शासकहरू अनुकूलता प्राप्त नगरून्जेल षडयन्त्र गर्दै रह्यो। ०६३ सालमा मधेश आन्दोलनले स्थापित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक रोडम्यापलाई पनि धज्जि उडाउँदै आफनो मनोनुकूल संविधान निर्माण गरि अन्तत: एकात्मक राज्यसत्ताको पुरानो स्वरूपलाई यथावत् कायम गर्न खस शासकहरू सफल भयो। खसवर्गको यही प्रतिगमनकारी संविधान ल्याउने प्रयासलाई रोक्न र राष्ट्रिय राजनीतिमा आफनो सशक्त भूमिका खोज्दै बाध्यात्मक रूपमा मधेश आन्दोलन जन्मेको हो।

शदियौंदेखि अधिकार विहीनताको अवस्थामा आन्तरिक औपनिवेशिक पीडा भोग्दै आएको मधेशमा पनि विस्तारै जागरण आयो र मधेश आफनो अधिकारको खोजि गर्न थाल्यो। दास, गुलाम तथा रंगभेद नीति तहत राखिएको मधेशलाई अहिले पनि स्वतन्त्र अस्तित्वको रूपमा स्वीकार गर्न नचाहने खस शासकवर्गसंगको प्रत्यक्ष र सशक्त अन्तर्विरोधलाई मधेशले चिन्यो र यसबाट मुक्त हुन आन्दोलनको बाटो रोज्यो। ०६३ सालको आन्दोलनमार्फत मधेशले आफनो पीडालाई अन्तर्राष्ट्रिय स्तरमा राख्न सफल भयो। सबैले मधेशको उत्पीडनलाई बुझे। संसारमा उठेका अधिकारवादी आन्दोलनले प्राप्त गर्ने अन्तर्राष्ट्रिय नैतिक समर्थन मधेशले पनि प्राप्त गऱ्यो।

तर, पहिलो संविधान सभादेखि दोश्रो संविधान सभाको आधी अवधीसम्म अर्थात् ८ वर्षसम्ममा मधेशले माँग गरेको संघीयता सम्बन्धी अधिकार संविधानमा दर्ज हुन सकेन। मधेश आन्दोलन पूर्ववत् सशक्तताका साथ फेरि उठ्यो। झण्डै २ महिनादेखि मधेश आन्दोलित छ। ४५ भन्दा बढि मानिसले शहादत दिई सकेका छन्। मेची, महाकाली मानव साङलोले मधेशी एकतालाई प्रदर्शित गरि सकेको छ। आन्दोलनकारी दलहरूले १५ दिनदेखि नाकाबन्दी पनि गरेको छ। देश त्राहि त्राहिमा रहँदा पनि सत्ताधारीहरू संविधान निर्माण पछि पदीय भागबण्डामा लिप्त देखिएका छन्। नेपाली शासकको रूपमा रहेका तीनदल (नेपाली काँग्रेस, एमाले र एमाओवादी) देशको बिग्रिदो अवस्थाबाट बेखबर पालै पालो एमाले अध्यक्ष के.पी.शर्मा ओलीलाई राजनीतिक रूपमा अभद्र मानिएका मानिसहरूको भद्र सहमतिको आधारमा सरकारको नेतृत्व गर्न पठाउने तर्खरमा छन्। व्यक्तिगत स्वार्थका अगाडि राष्ट्रिय स्वार्थ गौण भएको छ। १५ दिनदेखिको नाकाबन्दीले देशको आपूर्ति व्यवस्था तहस नहस भएको छ। यसको निराकरण सरकारको प्राथमिकताको बिषय बन्न सकेको छैन। भारतले मधेश आन्दोलन उठाएर, नाकाबन्दी गरेर नेपालको अस्मितामाथि आक्रमण गर्न खोजेको भनेर भारतलाई तथानाम गाली गरेर सराप्नमा नै व्यस्त छन्। वैकल्पिक मार्गको खोजि गर्दा पनि भेटि रहेको अवस्था छैन। जनजीवन हाहाकारको अवस्थामा पुग्दा यसको सारा दोष आफूमाथि नलिएर भारतलाई दोषी देखाउन खोजि रहेको छ। भारतको नाकाबन्दीले नेपालीको स्वाभिमान बलियो भई रहेको नेपाली मीडियाको बेतुका रागले देश जर्जर भई रहेको अवस्थालाई सुधार्न सक्दछ ? पराश्रित राजनीतिक संस्कारले राष्ट्रियतालाई कमजोर बनाएको हुन्छ। यो सत्यलाई अन्धराष्ट्रवादले स्वीकार गर्न पनि तयार हुँदैन।

राजनीतिक, साँस्कृतिक, धार्मिक, सामाजिक, तथा सुगमताले भारतसंगको सम्बन्धलाई स्वाभाविक रूपमा प्रगाढ बनाएको यथार्थलाई नेपालले बिर्सिनु हुन्न भन्ने भनाई सबैको रहेपनि बेला मौकामा यो सम्बन्ध उग्र रूपमा चिसिने गरेको छ। अहिले पनि त्यही भएको छ। नितान्त व्यक्तिगत लाभका लागि शक्तिकेन्द्रसंग सम्बन्ध बनाउने राजनीतिक दलको पौराणिक संस्कारमा केही फेरबदल देखिन्न। अहिले त्यही आधारमा भारतसंग नेपालको सुमधुर सम्बन्ध तनावपूर्ण बनेको छ। उत्तर दक्षिण भीमकाय स्वरूपको दुई महाशक्ति देशसंग सन्तुलित कूटनीतिक सम्बन्ध बनाउन नसक्नेले देशभित्रको विविधतालाई के सन्तुलित पार्ला। सत्ताका लागि फरक फरक समयमा फरक फरक ढंगले शक्तिकेन्द्रसंग सम्बन्ध बनाउँदा देशको राजनीतिक अवस्था असन्तुलित हुने डर नभएको राजनेता भनाउँदा व्यक्तिहरूको एउटा समूहले देशमा असहज परिस्थिति ल्याएको हो। यस्ता अदुर्दर्शी नेताहरू अहिले देश जलि रहेको बेला पनि प्रधानमन्त्री बन्ने समीकरण मिलाउन व्यस्त देखिन्छन्।

उग्र राष्ट्रवादका रूपमा नवोदित नेतृत्वकर्ता के.पी.शर्मा ओलीको व्यवहारबाट मधेश आन्दोलन शुरू भएको हो भने भारतसंगको सम्बन्ध बिग्रियो। अहिले विगतको भद्र सहमतीको दुहाई दिएर सबैलाई फकाउन व्यस्त ओली काँग्रेसलाई पनि खुशी पार्न सकेन। चार दलीय गठबन्धनका एक घटक फोरम लोकतान्त्रिक सहमतीबाट बाहिरिए। प्रचण्ड पनि "हामीलाई कुनै पद चाहिन्न" भनेर रूष्ट बनेको पनि देखियो। चारैतिर असन्तुष्टताको वातावरण सृजना गर्ने के.पी.ओली प्रधानमन्त्री बन्न आतुर देखिएपनि आफनो वरिपरिका विकट परिस्थितिले फेरि एकपल्ट ओलीलाई प्रधानमन्त्रीबाट बञ्चित गर्ने सम्भावना प्रवल देखिएको छ। दुर्भाग्यले छोएपछि कसैको केही चल्दैन। के.पी.ओली फेरि एकपल्ट दुर्भाग्यको शिकार हुने सम्भावना देखिएको छ। के.पी.ओलीको दुर्भाग्य आज देशको दुर्भाग्य बनेको छ। देशलाई यो संकटबाट मुक्त गर्न यस दुर्भाग्यको छायाबाट बचाउनु पर्दछ।

आफनो छिमेकी दुई महाशक्ति देशको बीचमा रहेर एउटासंग सम्बन्ध बनाएर अर्कोलाई गाली गर्नु कूटनीतिक मर्यादा विपरित रहेको कुरा थाहा हुँदा हुँदै पनि सत्तासीन गठबन्धनका तीनै घटकले पालैपालो भारतलाई गाली दिंदै आफनो अन्धराष्ट्रवादलाई ब्यूँझाएर बलियो देखाउन खोज्नु निरीह मूर्खताको प्रदर्शन होइन ? संघीयता बिषयमा चीनसंग विचार मिलेको मदमा एकतर्फी रूपमा संविधान घोषणा गर्ने हतारमा अर्को छिमेकीको कुरा पनि नसुन्नु यो कस्तो राष्ट्रवाद हो ?

खोक्रो राष्ट्रवादको नाममा भारतलाई गाली गर्नु, भारतीय प्रधानमन्त्रीको पुतला जलाउनु, भारतीय झण्डाको शवयात्रा निकाल्नु आदि आदि क्रियाकलापले भीमकाय स्वरूपको भारतलाई त केही हुँदैन, देश थप संकटभार बेहोर्नु पर्दछ। १६ दिनको नाकाबन्दीमा देशमा त्राहि कृष्ण मच्चु हामी कति मात्रामा पराश्रित छौं भन्ने कुरा प्रष्ट हुन्छ। १५ दिन पनि थेग्न नसक्ने हामी नेपालीको राष्ट्रियता कति कमजोर बनेको छ यो अवस्थाले पुष्टि गरि रहेको छ। देशमा जतिसुकै संकट आओस्, अन्धराष्ट्रवादको बेसुरा बिगुल फुक्नै पर्ने हठले अझ चेतेन भने स्थिति कति बिग्रिन्छ थाहा छैन। अन्धराष्ट्रवादले जहिले जहिले सिर उठाएको छ, नेपाललाई घाटा नै भएको छ। स्वाभिमानको नाममा भारतसंग लड्ने हठले नेपाल विस्तारै द्वन्द्वको चपेटामा जाने कुराको बोध हुनु आवश्यक छ।

मधेश दुई महिनादेखि आन्दोलनमा छ। २२ बून्दे र ८ बून्दे सम्झौतालाई संविधानमा सम्बोधन गराउन थालिएको दबावमूलक आन्दोलन अहिले निर्णायक मोडमा पुग्न थालेको छ। तर सरकार भने मौन छ। वार्ताको नाटक गर्न अनिच्छापूर्वक वार्ता टोली गठन गरेपनि निष्कर्षमा पुग्ने टोलीको ईच्छाशक्ति देखिएन। प्रधानमन्त्रीको समीकरण मिलाउनमा मधेश आन्दोलन अवरोध नबनोस् भनेर वार्ता टोली गठन भएको देखिन्छ।

अहिले नेपाली राजनीतिको धरातलीय यथार्थता के हो भने सत्तापक्ष र आन्दोलनकारी दुबै डेडलाईनमा उभिएको छ। नेपाली राजनीतिबाट संघीयतालाई विस्थापित गर्ने रणनीति लिएको सत्तापक्षले अन्तत: त्यो योजनामा सफल भएकै हो। अर्थात् नेपाली राज्यसत्तालाई संघीय संरचनामा लैजाने परिवर्तनकारी शक्तिको प्रयास विफल भएको छ। संघीयता नदिने र लिने सवालमा दुबैपक्ष डेडलाईनमा उभिएको छ। आनदोलन जारी छ। संघीयतासंगै तपसीलका कुराहरू संविधानमा समावेश गराउने आन्दोलनकारीको माँगलाई राज्यपक्षले सम्बोधन गर्ने ईच्छा नराखेकाले त्यो सवालमा राज्यपक्ष प्रवेश गर्न चाहँदैन। संघीयतालाई संघीय आयोगबाट निराकरण गराएर पछि संविधानमा समावेश गर्ने भन्ने उसको तर्क छ भने नेपाली राजनीतिबाटै संघीयतालाई फालिएको आन्दोलनकारीको तर्क छ। त्यसकारण संघीयता आन्दोलनकारीको प्रमुख माँग बनेको छ। दुवै आफनो अडानबाट एक तिल पनि सर्न नसक्ने स्थितिमा वार्ता टोलीको गठन नाटक नभई अरू के हो त ? वार्ताको सहज वातावरण बनाउन पनि सत्तापक्ष गम्भीर देखिएको छैन। देशमा नाकाबन्दी जारी छ। आन्दोनकारी र भारतलाई गाली गर्नमा उर्जा खपत गर्न तयार सत्तापक्षका लागि अहिले सरकार बदल्ने आवश्यकता परेको छ।

जेहोस्, विनाशकाले विपरित बुद्धि भनेको यही हो। राज्यसत्तामा चढ्ने तर हाँक्न नजान्ने राजनेताको अवस्था यस्तै हुन्छ। आज देश के कारणले आन्दोलित छ, त्यस सम्बन्धमा सरकार गम्भीर छैन। तर मधेशीहरूले नेपालीको जनजीवन अस्त व्यस्त पाऱ्यो भनेर आर्त्तनादको कुनै तुक छैन। दिनानुदिन देशमा आपूर्ति संकट बढ्दै गई रहेको अवस्थाले सरकार झुक्नै पर्ने अवस्था प्रष्ट रूपमा रहेपनि शासकको वर्गीय दम्भले उ आफूलाई गौरवान्वित नै ठानेको छ। इन्टरनेशनल भिखारीको संस्कार बोकेका खसवर्गीय उच्चाकाँक्षा भने अब धूल धुरसित हुने अवस्थामा पुगेको छ।

राज्यसत्ताले मधेशको मागबाट उसलाई बञ्चित गर्न ८ वर्षदेखि संविधान सभामा खेलेको साजिशपूर्ण खेलमा उनले सफलता पाएर आज संविधान घोषणा गरेपनि मधेश आन्दोलनले आज ०६४ सालको संविधान सभाको प्रस्थान विन्दुमा नै उभ्याई दिएको राज्यसत्ताले किन स्वीकार गर्न चाहँदैन। जिब्रोलाई "मलाई ३२ वटै दाँतले चारैतिरबाट किच्यो। मलाई दाँतको यो हस्तक्षेपबाट बचाऊ" भन्ने अधिकार हुँदैन, त्यस्तै भूपरिवेष्ठित राज्यका शासकहरूले छिमेकी दुई मुलुकसंग तकरार गरेर आफनो अस्तित्व बचाउन नसक्ने यथार्थलाई समयमै बुझि दिए राम्रो हुन्थ्यो। छिमेकी मुलुकसंग तकरार गर्नै नसक्ने नेपालको नियति बनेको छ। यसलाई कसैले बदल्न पनि सक्दैन। तसर्थ आफनो दम्भलाई त्यागेर जनतालाई दिनु पर्ने कुरा दिएर आफनो अस्तित्व बचाउनु नै बुद्धिमानी हुने कुरा विनाशमा चढेकाहरूले बुझ्लान ?

*साभार : मधेश दर्पण फिचर सेवा*

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल कार्तिक १२ गते बिहीबार, तदनुसार अक्टुवर २९ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिककृष्णापक्षपक्षको द्वितीय तिथि २३ घटि ४२ पला अर्थात दिनमा ३ बजेर ४१ मिनेटसम्म त्यसउप्रान्त तृतीया तिथि लाग्नेछ। आज सूर्य तुला राशिमा, चन्द्रमा मेष राशिमा अहोरात्र रहनेछ। आज दिनमान २७ घटि ५४ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १२ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २२ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ।

**वृष** : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला।

**मिथुन** : मित्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट ब्यञ्जन प्राप्त हुने।

**कर्कट** : पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ।

**सिंह** : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ।

**कन्या** : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला।

**तुला** : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ।

**वृश्चिक** : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब छ।

**धनु** : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, सापटी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला।

**मकर** : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ।

**कुम्भ** : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो हुनुहोला।

**मीन** : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइन मा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

**आवश्यकता**

| | |
|---|---|
| कुक | १ जना |
| कुक हेल्पर | १ जना |
| वेटर/रूम ब्वाई | १ जना |
| हाउस किपिङ | २ जना |

सम्पर्क
होटल साइलेन्ट पिक
लेकसाइड, पोखरा
फोन : ०६१-४६२८५७

**गाईड लाइसेन्स हरायो**

मिति २०७२/०७/०४ गते जोमसोमबाट पोखरा आउने क्रममा निम्न व्यहोरा भएको टुरिस्ट गाईड लाइसेन्स हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : रामजी तामाङ
ठेगाना : खोटाङ दिप्लुङ-३, सोभे
लाइसेन्स.नं. : ७४९
सम्पर्क : ९८४९९४४२७३, ९८२५१९१५२५

**खाजाघर विक्रीमा**

पोखराको चिप्लेढुंगा स्थित मानवअधिकार चोक अगाडि अत्यन्त चालु अवस्थामा रहेको खाजाघर विशेषा कारणले तु-विक्रीमा छ।

सम्पर्क : ९८०५८१५६९१, ९८०५८७३१९१

**खुशीको खबर !**

के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने।*



अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

**ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस**

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस्।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ।)

**पोखरामा पहिलो पटक**

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

**पोखरा हर्वल होम्स**
फ्रि होम डेलिभरी
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

**योर्स ट्रेड कन्सर्न**

*सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

**अनेक समस्या सफल उपचार**

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार।
महिला सम्वन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरी
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

# दशैंमा पाइला नेपालको टोली बात्स्यायन वृद्धाश्रममा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**



नेपालीहरुको महान चाड विजयादशमीको अवसरमा युवाहरुको सामाजिक संस्था पाईला नेपालले पोखरा १८ स्थित बाच्छीबुडुवामा अवस्थित बात्स्यायन बृद्धाश्रममा आश्रित बृद्धबृद्धाहरुसंग मनाएका छन् । पाइला नेपालका संस्थापक अध्यक्ष निराजन पौडेलले सबैले दशैंको बेला रमाइलो गर्ने तर आफन्त नभएका तथा भएर पनि टाढा भएका आश्रित बृद्धबृद्धाहरुलाई पनि दशैंको खुसीयालीमा समेट्न कार्यक्रम गरिएको बताए । उनले बृद्धबृद्धाहरुबाट टीका ग्रहण गरि आशिर्वाद थाप्दा मिठो अनुभव गरेको सुनाए ।

पाइला नेपालले सो अवसरमा आश्रित बृद्धबृद्धाका लागि खाद्यान्न वितरण गरेको थियो । कार्यक्रममा बोल्दै बृद्धाश्रमका युवराज वाग्लेले युवाहरुको संस्था पाइला नेपालका युवाहरुले नेपालीहरुको महान चाड बिजयादशमीमा सम्झिएर आएकोमा खुसी प्रकट गरे । संस्थाका कोषाध्यक्ष नानु रेग्मीले राज्यले पनि जेष्ठ नागरिकहरु प्रति सम्मान गर्नुपर्नेमा बताइन । पाइलाका सदस्य ताराबहादुर गुरुङ्ग, सुमन पोखरेल, उज्वल आचार्य, प्रतिक्षा घिमिरे, निशा भुर्तेल, प्रविन बानिया लगायतले बोलेका थिए । पाइला नेपालका अध्यक्ष निराजन पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा बृद्धबृद्धाहरुलाई दोसल्ला ओढाई सम्मान गरेका थिए ।

यसैबिच पोखरा १८ सगरमाथा टोल निवासी रुपबहादुर थापा उनका छोराहरु निरबहादुर थाप र नेत्रबहादुर थापाले बृद्धाश्रमको चौतर्फी विकासका लागि रु १ लाख बृद्धाश्रमका अध्यक्ष बोधराज कार्कीलाई हस्तान्तरण गरेका छन् । यसैगरि स्वर्गीय जमुना पहारीको ४५ दिनको पुण्य स्मृतिमा उनको आमा मोती पहारीले बृद्धबृद्धाहरुका खानाका लागि ५ हजार १ सय १५ रुपैया तथा अक्षयकोष बापत ११ हजार १ सय ११ रुपैयाँ बृद्धाश्रमलाई हस्तान्तरण गरेका आश्रमका अध्यक्ष कार्कीले बताए ।

# ज्येष्ठ नागरिकलाई घरमै सेवा दिने तयारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**

ज्येष्ठ नागरिकहरुका लागि पोखरामा पहिलो पटक खुलेको सुबिधायुक्त स्याहार केन्द्रले अब घरमै बसेका ज्येष्ठ नागरिकहरुको माग बमोजिम स्याहार सुबिधा प्रदान गर्ने भएको छ । ज्येष्ठ नागरिकहरुको हक हित र स्वास्थ्य क्षेत्रमा काम गर्दै आएको 'नेपाल जेरियाट्रिक सोसाईटी' नामक संस्थाले स्याहारकर्ता घर घरमा पठाएर उक्त सुबिधा प्रदान गर्ने भएको हो । उक्त सेवा प्रदान गर्न संस्थाले तत्कालै केयर गिभर तालिम दिन थालेको छ । अशक्त र घरमा बाबुआमाको हेरबिचार गर्ने प्रशस्त समय नभएका परिवारहरुका सदस्यहरुका लागि यो कार्यक्रम अति उपयोगि मानिएको छ । 'घर घरमा स्याहार गर्ने मानिसको आवश्यकता हामीले पुरा गर्ने जमर्को गर्दै छौं' सोसाईटीका अध्यक्ष रहेका डा.अमृत घिमिरेले बताए । अति ब्यस्त घर परिवारलाई आ-आफ्नो काममा लागि रहन यस्तो कार्यक्रमले सघाउनका साथै त्यस्ता पारिवारिक सदस्यहरुको माया अब स्याहारकर्ताले प्रदान गर्ने छन् । यस प्रकारको कार्यक्रमले ब्यस्त शहरी जीवन भएकाहरुका लागि आफ्नो ब्यापार ब्यवसाय, उद्योग संचालनमा निरन्तर लाग्न मद्दत पुग्ने दावी स्पर्श आयुर्वेद अस्पतालका डा.सुवर्ण पौडेलको छ । डा.पौडेलका अनुसार अस्पताल र सोसाईटीका बिच सहमति गरी अगाडि बढाईएको उक्त कार्यक्रम तत्कालै संचालन गरिने छ । डाक्टर र नर्सिङ्ग सेवा समेत प्रदान गरिने यस प्रकारका कार्यक्रमका लागि सेवाग्राहीले केही रकम भने ब्यहोर्नु पर्ने छ । घरमा त्यस्तो वातावरण छैन र घर परिवारका सदस्य कामको शिलशिलामा घर बाहिर जानुपरेमा संस्थाले संचालन गर्दै आएको स्याहार केन्द्रमा आफ्ना बुबाआमालाई राख्न सकिने ब्यवस्था समेत मिलाईएको छ । पोषण युक्त खानपान, ध्यान, मनोरञ्जन, र फिजियो थेरापी, जडिबुटीको तेलबाट मसाज, बिरामी अनुसारको औषधि लगायतका स्वास्थ्य उपचारका सेवा स्याहार केन्द्रमा प्रदान गरिने संस्थाका कोषाध्यक्ष गोमा पराजुलीले बताएकी छन् ।

ज्येष्ठ नागरिकहरुको बिशेष खालको बिस्मृति हुने रोग जसलाई डिमेन्सिया भन्दछन्, त्यसको राम्रो ख्याल र उपचार गरिने छ । उनिहरुको मन खुशी बनाई राख्ने खालका आध्यात्मिक प्रबचन, धार्मिक भ्रमणको ब्यवस्था, भजन किर्तनका नियमित कार्यक्रम गरिने छन् । अनुभवी डाक्टर एवं बिभिन्न बिशेषज्ञ, नर्स, मनोबिज्ञानका अनुभवी ब्यक्तित्वहरु र कुशल स्याहारकर्ताहरु बाट प्रदान गरिने सेवाले ज्येष्ठ नागरिकहरु अवश्य रमाउने छन् । कार्यक्रमका बारेमा बिस्तृत जानकारी चाहिएमा पोखराको न्यूरोड स्थित स्पर्श आयुर्वेद अस्पताल र नेपाल जेरियाट्रिक सोसाईटीमा सम्पर्क गर्न आग्रह गरिएको छ ।

# गणित शिक्षण कार्यशाला तालिम पोखरामा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**

राष्ट्रिय शिक्षक सीप विकास फाउण्डेशन कास्कीको आयोजनामा ४ दिने गणित शिक्षण कार्यशाला तालिम सुरु भएको छ । बुधबार तालिमको उद्घाटन गर्दै जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद अधिकारीले तालिमबाट सिकेका सीपलाई व्यवहारमा उतार्न आग्रह गरेका छन् ।

राष्ट्रिय शिक्षक सीप विकास फाउण्डेशन कास्कीका अध्यक्ष एवं बाल प्रभात वोडिङ स्कुलका प्राचार्य शालिकराम अधिकारीको अध्यक्षतामा सुरु भएको तालिममा नेदरल्याण स्थित कापिजे विश्वविद्यालय तथा थिओला फाउण्डेशनको प्राविधिक सहयोगमा तालिम सुरु भएको कार्यक्रमका संयोजक प्रेमबहादुर कुँवरले जानकारी दिए । विगत ४ वर्षदेखि अन्तर्राष्ट्रिय स्तरका शिक्षक तालिमहरुको सफल कार्यशाला गर्दै आएको संस्थाले बाल प्रभात स्कुलको सभाहलमा केपिजे विश्वविद्यालयका शिक्षक प्रा. वर्ट टोला र प्रा.आनिका ओष्टनसंगै शैक्षिक तालिम केन्द्र पोखराका गणित प्रशिक्षक चिन्तामणी शर्माले कास्की, स्याङ्जा र तनहुँका करिव ६० शिक्षकलाई तालिम दिन सुरु गरेका छन् । पूर्व प्राथमिक तथा प्राथमिक तहमा गणित विषयलाई कसरी पढाउने, बाल मनोविज्ञानको आधार कस्तो हुन्छ भन्ने आधार सहित विश्वमा प्रचलित शिक्षणविधिबाट विभिन्न विद्यालयबाट सहभागि शिक्षकहरुलाई तालिम प्रदान गरिने आयोजक संस्थाले बताएको छ । संस्थाका उपाध्यक्ष एवं भाष्कर मेमोरियल स्कुल फूलबारीका प्राचार्य विश्वराज बास्तोलाको स्वागत मन्तव्यमा भएको कार्यक्रमको सञ्चालन संस्थाका सचिव युवराज त्रिपाठीले गरेका थिए । तालिम शुभारम्भको अवसरमा मदरल्याण उमाविका प्राचार्य प्रेमनारायण पोखेल, कर्म फलाईट्स संस्थाका एडियु लोयल लगायतले सिकाई विधिलाई उपयोगी बनाएर व्यवहारमा उतार्न सक्नुपर्नेमा जोड दिएका थिए । 'शिखरमा पुग्ने उपायहरु धेरै हुन सक्छन' भन्ने नाराका साथ सुरु भएको तालिमलाई दक्षिण अष्ट्रेलियाली जीनजीन हाइ स्कुलका प्राचार्य व्यारी बमफिल्डको सहयोग समेत रहेको कार्यक्रममा बताईएको थियो ।

# गण्डकी टिभिको अध्यक्षममा केसी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**



पोखरामा रहेको गण्डकी टेलिभिजनको अध्यक्षमा राजकुमार केसी चयन भएका छन् । बुधबार आयोजित एक कार्यक्रमका वीच पर्यटन व्यवसायी समेत रहेका पोखरा लेकसाइडका उनी भयन भएका हुन् । केसीले आफू दर्शकहरुको मनजित्न सफल टेलिभिजनको अध्यक्षमा चयन भएको भन्दै सबै लाई धन्यवाद दिए । उनले आफ्नो काँधमा अवसर र चुनौती दुवै रहेको बताउँदै गण्डकी टेलिभिजनलाई छिट्टै राष्ट्रिय टेलिभिजन बनाउने उद्घोष समेत गरे । केसीले सबै विचारहरुलाई साथमा लिंदै कर्मचारी, पर्यटन व्यवसायी, सरकारी कार्यालय, गैर सकारी कार्यालयका साथै विभिन्न संघसंस्थासंग हातेमालो गर्दै अगाडि बढ्ने बताए । केसी अध्यक्षमा चयन भएपछि उनलाई स्थानीय शान्ति समिति कास्कीका संयोजक रामजी बराल जीवन, तमु मुक्तिमोर्चा केन्द्रीय अध्यक्ष बखान सिङ आभाष, गण्डकी सञ्चार गृहका कार्यकारी निर्देशक लक्ष्मण गुरुङ लगायतले सफल कार्यकालको लागि शुभकामना ब्यक्त गरेका थिए ।

# धुवारकोट प्रावि र माया उत्थान प्राविलाई आर्थिक सहयोग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**

अमेरिकी नागरिक हर्मन सि. फिसरले पोखरा २४ को धुवारकोट प्रावि र माया उत्थान मञ्च प्रावीलाई आर्थिक सहयोग गरेका छन् । २०१२ देखि दि गोर्खाज रेञ्जरमा सेक्युरिटीहरुलाई प्रशिक्षण दिदै आएका फिसरले उक्त विद्यालयलाई १ लाख १० हजार सहयोग गरेका हुन् ।

उनले उक्त रकम गरिब बालबालिकाको शैक्षिक सामाग्री, पोशाकका लागि खर्च गर्न भनेका छन् । सहयोग रकम हस्तान्तरण गर्दै फिसरले आफु गरिब विद्यार्थीहरुलाई सहयोग गर्न पाउँदा खुशी भएको बताए । आगामी दिनमा पनि सहयोगको लागि सहकार्य गर्ने उनको भनाई रहेको छ । पोखराको गोर्खा रेन्जर सेक्युरीटीमा आफू आबद्ध भएको भन्दै उनले सोही संस्थाका प्रवन्ध निर्देशक महेश थापा मार्फत सहयोग गर्ने बताएका छन् । सहयोग रकम ग्रहण गर्दै माया उत्थान मञ्च धुवारकोटका अध्यक्ष थम बहादुर थापाले सहयोग रकमले गरी विद्यार्थिहरुको शैक्षिक विकासमा थप टेवा दिने विश्वास व्यक्त गरे । थोरै रकम भएपनि सहि सदुपयोग गरेर हामी विद्यार्थीहरुको शैक्षिक सामाग्री र पोशाकको लागि रकम खर्च गर्ने उनले बताइन । कार्यक्रममा दि गोर्खा रेन्जरका प्रवन्ध निर्देशक महेश थापाले फिसरले नेपालको विभिन्न ठाउँमा रहेका गरीबलाई सहयोग गर्दै आएको बताए ।

धुवारकोट प्राविका सल्लाहकार निम बहादुर गुरुङले फिसरले दिएको रकम सहि ठाउँमा सदुपयोग हुने विश्वास व्यक्त गरे ।

उनले सिन्धुपाल्चोकमा केहि समय पहिला पनि फिसरले भूकम्प पीडितलाई सहयोग गरेका थिए । फिसरले धुवारकोट प्राविलाई ७५ हजार र माया उत्थान मञ्च लाई ३५ हजार रुपैयाँ सहयोग गरेका हुन् । फिसरले सहयोग गरेको २ विद्यालयमा करीब २५ जना विद्यार्थीहरु अध्ययनरत छन्

# पहिलो....

*होइन तीन सय भनेर सभामुखलाई सम्झाएपछि उनले ए भन्दै सच्याएर सहि संख्या वाचन गरिन् । तर अघिल्लोपटक गरेको गल्तिमा क्षमायाचना गरिनन् । सभामुख घर्तीले दोस्रो प्रयासमा सहि मतसंख्या भन्दै विजेता घोषणा गरेपछि संसदभित्र हाँसो र हुटिङ एकसाथ गुञ्जियो । विद्याको अनुहारमा पनि खुशी छायो । छेउमा रहेका एमाले उपाध्यक्ष बामदेव गौतम निकैबेरसम्म हाँसिरहेका थिए ।*

**भोट बहिनीलाई कि ?**

*राष्ट्रपति चुनावको मतदानका क्रममा धेरै सांसदको नजर कांग्रेस सभासद ज्ञानेन्द्र बहादुर कार्कीमाथि पऱ्यो । राष्ट्रपतिका उम्मेदवारद्वय विद्या भण्डारी र कुलबहादुर गुरुङमाथि सबैले नजर राख्नु त स्वभाविक नै हो । तर, धेरै सांसदले भने ज्ञानेन्द्रबहादुरतिर नजर लगाए । राष्ट्रपतिका लागि मतदान गर्न लाइनमा बस्दा कार्कीलाई धेरै सांसदले प्रश्न गरे । उनलाई सबैको साझा प्रश्न थियो, भोट बहिनीलाई दिने कि आफ्नो पार्टी उम्मेदवारलाई ? सांसदहरुका अनुसार कांग्रेस सांसद कार्कीले भने राष्ट्रपति हुने आफ्नी बहिनी नै भएको तर, भोट कसलाई दिने भन्ने स्वविवेकीय निर्णय भएको जवाफ दिएका छन् । सत्तारुढ गठवन्धनका उम्मेदवार विद्या भण्डारी कार्कीकी बहिनी हुन् । कार्की विद्याका फूपूका छोरा हुन् । तर, कांग्रेस नेता कार्कीको पार्टीका उम्मेदवार पूर्वमहामन्त्री कुलबहादुर गुरुङ छन् । दलीय राजनीतिमा आफ्नो आस्था र विचारलाई हेर्नें या परिवारलाई हेर्ने भन्ने छनोट गर्नुपर्ने स्थितिमा पुगे कांग्रेस नेता कार्की । तपाईसँग बहिनीले भोट मागिन् त ? भन्ने पत्रकारहरुको प्रश्नमा कार्कीले त्यो स्वाभाविक भएको बताए ।*

***भोट २ नम्बरमा :***

*प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रपति चुनावमा सत्तारुढ गठवन्धनको उम्मेदवार विद्या भण्डारीले ३५० बढी मत ल्याउने दाबी गरेका छन् । संसद बैठकमा राष्ट्रपति चुनाव सुरु हुनु अघि सत्तारुढ गठवन्धनमा आवद्ध दलका सांसदहरुको संयुक्त बैठक बसेको थियो । गठवन्धनमा आवद्ध सांसदलाई विहान ९ बजे नै संविधानसभा भवनमा उपस्थित हुन ह्वीप जारी गरिएको थियो । शीर्ष नेताहरुको उपस्थिति रहेको सांसदहरुको बैठकलाई सम्बोधन गर्दै ओलीले यो चुनाव सभामुख, राष्ट्रपतिको चुनाव मात्र नभएको बताए । प्रधानमन्त्री चुनावमा आफूले ३३८ मत पाएको भन्दै उनले राष्ट्रपतिमा विद्याले ३५० भन्दा बढी मत पाउने बताए । बैठकमा सांसदहरुलाई कानूनमन्त्री समेत रहेका एमाले अग्नि खरेलले मतदान गर्ने प्रक्रिया सिकाएका छन् । पहिलो राष्ट्रपति चुनावमा २२ भोट बदर भएको स्मरण गर्दै उनले योपटक त्यस्तो नहोस् भनेर सचेत गराएका छन् । राष्ट्रपतिको चुनावमा गोप्य मतदान हुनेछ । मन्त्री खरेलका अनुसार उम्मेदवारको सूचीको पहिलो नम्बरमा कुलबहादुर गुरुङको नाम हुनेछ, भने दोस्रोमा विद्या भण्डारीको नाम हुनेछ । उम्मेदवारको नाम पछाडि कोष्टमा ठीक लगाएर मतदान गर्नु पर्नेछ । उनले सत्तारुढ गठवन्धनका सांसदहरुलाई विद्याको नामको पछाडि रहेको कोष्टको भित्र मात्र ठीक लगाउन निर्देशन दिएका छन् । उनले भने, एक नम्बरको नाम पढ्ने हो । दुई नम्बरकोमा भोट हाल्ने ।' बैठकमा उपस्थित सत्तारुढ दलका सांसदहरुलाई हाजिरी समेत गराइएको छ ।*

# पोखराका रोटरीयनहरु ढाका प्रस्थान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**

रोटरी क्लब अफ पोखराका सदस्यहरूको बंगलादेश को रोटरी क्लब अफ ढाका फोर्ट सगँ मैत्री सम्बन्ध हस्ताक्षरका लागि रोटरी क्लब अफ पोखराको अध्यक्ष ज्ञानेन्द्र प्रसाद सिग्देलको नेतृत्व मा १२ सदस्यीय प्रतिनिधि टोली बंगलादेश प्रस्थान गरेको छ । रोटरी क्लब पोखराले बंगलादेशको ढाकामा २००२ मा स्थापना भएको रोटरी क्लब अफ ढाका फोर्टसगँ भगिनी सम्बन्ध कायम गरी द्विपक्षीय सामाजिक कार्यक्रम लगायत अन्तर्राष्ट्रिय स्तरमा रोटरी प्रशिक्षण कार्यशाला संचालन गरिने बताइन्छ । भगिनी सम्बन्धबाट संयुक्त सेवामुलक र अन्तर्राष्ट्रिय सम्बन्ध र शान्ति कार्य गरिने जानकारी कार्यक्रमका संयोजक एवं पूर्ब अध्यक्ष बाबुराम बरालले जानकारी दिए । बंगलादेश प्रस्थान टोलीमा अघ्यक्ष ज्ञानेन्द्र प्रसाद सिग्देल, पूर्ब अध्यक्षहरू क्रमश : किरण लाल श्रेष्ठ, रामचन्द्र थापा, बाबुराम बराल, केशवराज ढकाल, मिनु श्रेष्ठ कुवँर, गणेश मान सिहँ भण्डारी, ईनर ह्विल क्लब अफ पोखराकी अध्यक्ष दिव्येश्वरी बराल, रन्जना बराल, अन्जु ढकाल, गायत्री थापा, गीता श्रेष्ठ, र डा. राघा भण्डारी, मोहित श्रेष्ठ रहेका छन्।

यसअघि ४ सेपटेम्बर २०१५ मा रोटरी क्लब अफ पुना निगडी सगँ पनि रोटरी क्लब अफ पोखरा ले भगिनी सम्बन्ध गासिसकेको समेत बताइन्छ । रोटरी क्लब अफ पोखरा यस क्षेत्रको सबभन्दा पुरानो क्लब हो । क्लबको स्थापना १९९७ जुन ११मा भएको हो ।

# पचासी प्रतिशत स्याउ बिक्री

**पोखरा ११ कार्तिक ।**

मुस्ताङ्गका कृषकले आफना बगैंचामा उत्पादन गरेको स्याउ बुधबारसम्ममा ८५ प्रतिशत बिक्री भइसकेको छ । इन्धनको चरम अभावले चर्को भाडा तिरेरै भएपनि ढुवानी गरेर कृषकले स्याउ बिक्री गरेका छन् । भारतको अघोषित नाकाबन्दीले अन्य मुलुकबाट स्याउ आयात गर्न नसकिएकोले यस वर्ष मुस्ताङ्गमा उत्पादन भएको स्याउले राम्रो मूल्य पाएको जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत राजाराम अधिकारीले बर्ता । गएको भदौको अन्तिम सातादेखि कृषकले स्याउ टिप्न सुरु गरेकोमा अव १५ प्रतिशत मात्रै स्याउ टिप्न बाँकी रहेको बताइएको छ । यस वर्ष मुस्ताङमा चार हजार ७०० मेट्रिकटन स्याउ उत्पादन भएको अनुमान गरिएको छ । यो वर्ष जिल्लामा करीव रु ४० करोडभन्दा बढीको स्याउ उत्पादन भएको वरिष्ठ कृषि विकास अधिकृत अधिकारीले जानकारी दिए । गत वर्ष जिल्लामा चार हजार मेट्रिकटन मात्रै स्याउ उत्पादन भएको थियो । यो वर्ष स्याउको फुल फूल्ने बेलामा असिना पानी र हिउँ परेकोले पाँचदेखि सात प्रतिशत उत्पादन घटने विश्वास गरिएको थियो ।

गत वर्ष जिल्लामा ३३० हेक्टर क्षेत्रफलमा स्याउ खेती गरिएकोमा यस वर्ष ३३५ हेक्टर क्षेत्रफलमा स्याउ रोपिएको छ । कृषकले बगैचाबाटै प्रतिकिलो रु ८० देखि रु ८५ मा स्याउ बिक्री गरेका थिए । जिल्लाका १६ गाविसमध्ये १३ गाविसमा स्याउ उत्पादन हुने गर्दछ । स्याउ बढी उत्पादन हुने गाविसमा टुकुचे, मार्फा, कागवेनी, छुसाङ्ग छन् भने मुक्तिनाथ, जोमसोम, झोङ्ग, घमी, चतान, खुर्साङ्ग र कोवाङ्गमा पनि स्याउ उत्पादन हुने गरेको छ । पोखरा, बागलुङ्ग, म्याग्दी, पर्वतलगायतका व्यापारी कृषकको बगैंचामा गई बोटबाटै ठेक्कामा स्याउ खरीद गर्दै आएका छन् ।

यसैगरी नेपालीको महान पर्व दसैंमा हिमाली जिल्ला मुस्ताङबाट रु २४ करोड भन्दा बढीको भेडाच्याङग्रा निर्यात भएको छ । उपल्लो मुस्ताङको विभिन्न ६ गाविसबाट दसैं अवधिमा १५ हजार ३०८ वटा भेडाच्याङग्रा निर्यात भएको पशुसेवा कार्यालयले जनाएको छ । ती भेडाच्याङग्राबाट यहाँका किसानले रु २४ करोड २२ लाख ३६ हजार आम्दानी गरेको पशु सेवा कार्यालयका प्राविधिक फलेन्द्र थकालीले जानकारी दिए ।

उनका अनुसार, निर्यात भएको भेडाच्याङग्रा मध्ये ९ हजार भेडा र ६ हजार ३०८ वटा च्याङग्रा रहेका छन् । किसानले खोरबाटै व्यापारीलाई प्रति भेडा रु १५ हजार र प्रति च्याङग्रालाई रु १७ हजारमा बिक्री गरेका थिए । रासस

# श्रीस्टारका प्रशिक्षक तामाङ सम्मानित

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**

ड्यामसाइड आमा समूह पोखरा-१७ ले श्रीस्टार क्लबका मुख्य प्रशिक्षक राजेन्द्र तामाङलाई मङ्गलबार सम्मान गरेको छ। तामाङलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

सो अवसरमा मेहनती र परिश्रमी छोरा जन्माउने तामाङकी आमा बुद्धिमाया तामाङलाई पनि सम्मान गरिएको थियो। आमा समूहका कल्पना श्रेष्ठ, शिव श्रेष्ठ, शिव बराललगायत कार्यक्रममा सहभागीले आमा छोरालाई कोजाग्रत पूर्णिमाको दिन टीका र जमरा पनि प्रदान गरेका थिए। उनीहरूले क्लबलाई च्याम्पियन बनाएर ड्यामसाइड, पोखरेली खेलप्रेमीको इज्जत र गरिमा बढाएको भन्दै आगामी दिनमा पनि थप सफलताको कामना गरेका थिए।

## सच्याइएको

वर्ष ८, अंक २४, २०७२ कार्तिक ११ गते बुधबार प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकको ३ पृष्ठ प्रकाशित राष्ट्रिय पशु प्रजनन केन्द्र कास्की पोखराको पराल उपलब्ध गराउने सम्बन्धी शिलवन्दी दरभाउ पत्रको सूचना विज्ञापनमा शर्त तथा जानकारीको नं. ३ मा दरभाउपत्र स्वीकृत भइसकेपछि सम्झौता गर्न आउँदा नियमानुसारको ५ प्रतिशत धरौटी रकम हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ ।




## हार्दिक समवेदना

जन्म: वि.स.:१९८५/०६/०४



स्वर्गारोहण वि.स.:२०७२/०७/०८

**स्व. नन्दकली भण्डारी**

यस समाजका उपाध्यक्ष विष्णुप्रसाद भण्डारी तथा आजीवन सदस्य रामप्रसाद भण्डारीका साथै शुभचिन्तकहरु कुलप्रसाद भण्डारी, महेन्द्र भण्डारी र कृष्णकुमारी ढुङ्गानाकी ममतामयी माता नन्दकली भण्डारीको असामयिक निधन भएको यस दु:खद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

भक्तराज श्रेष्ठ
अध्यक्ष एवं
ज्येष्ठ नागरिक सरोकार समाज नेपाल कास्की परिवार

## अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलब्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलब्ध गराइने ।

**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

# यसरी उदाइन् प्रथम महिला राष्ट्रपति भण्डारी

**प्रकाश लामा/सेतोपाटी**
**काठमाडौं ११ कार्तिक ।**

एमाले नेतृ विद्या भण्डारीको नेपाली राजनीतिमा आगमन लोकप्रिय पार्टी नेता मदनकुमार भण्डारीसँगको वैवाहिक सम्बन्धका कारण भएको होइन। उनको राजनीतिक उदयको आधारशिला भने उनै लोकप्रिय नेता भण्डारीकै विरासतले निर्माण गर्‍यो। २०३५ सालमा उग्रवामपन्थी नेकपा (माले) बाट राजनीति सुरु गरेकी भण्डारी ०३९ सालमा महेन्द्र मोरङ क्याम्पस विराटनगरमा स्वतन्त्र विद्यार्थी युनियनको कोषाध्यक्ष पदमा निर्वा‍िचत भएकी थिइन्। यसको कारण महिला हुनु मात्र होइन, उनमा महत्वपूर्ण राजनीतिक खुबी पनि थियो। तत्कालीन समयमा पार्टीका करिब दुई सय सदस्यमध्ये एक थिइन् भण्डारी। भोजपुरको विकट मानेभञ्ज्याङ गाउँमा जन्मिएकी ५४ वर्षीया भण्डारीका बाबु रामबहादुर पाण्डे जिल्लाका चर्चित प्रधानाध्यापक थिए। वैष्णव धर्मावलम्बी उनकी आमा मिथिला पाण्डेले सुनसरीको चतरामा धर्मशाला सञ्चालन गर्छिन्। उनी त्यहाँका स्थानीयले गन्ने-मान्नेमध्ये एक हुन्। गाउँमा जन्मे पनि भण्डारीको बाल्यकाल अभावमा बितेन। उनको प्रारम्भिक राजनीतिक शिक्षा पनि घरबाटै भयो। यसले उनलाई राजनीतिक रूपमा महत्वाकांक्षी बनायो।

विराटनगर क्याम्पसमा राजनीति गर्दाकै समयमा उनको भेट भयो, पार्टी नेता मदन भण्डारीसँग। यी उदीयमान नेताले आकर्षक व्यक्तित्वकी धनी विद्यालाई विवाह प्रस्ताव राखे। उनले पनि नाइँ भनिनन्। पार्टीको स्वीकृतिमै उनीहरूले विवाह गरे। विवाहपछि भने उनको राजनीतिक यात्रामा लगभग पूरै 'ब्रेक' लाग्यो। पुष्पलाल श्रेष्ठको राजनीतिक दर्शनबाट दीक्षित मदन भण्डारीको त्यसै समयमा तीव्र गतिले राजनीतिक उदय हुँदै थियो। पूर्णकालीन नेता भण्डारीको घर सम्हालिन् श्रीमती भण्डारीले। दुई छोरीको पालनपोषण र गृहिणीका रूपमा उनी घरमै सीमित रहन पुगिन्। राजनीतिको यात्रा सधैं सरल रेखामा मात्र अघि बढ्दैन। ०५० जेठ ३ गते नेता मदन भण्डारीको दासढुंगा जीप दुर्घटनामा मृत्यु भएपछि विद्या भण्डारीको राजनीतिक जीवन पनि मोडियो। त्यतिबेला दासढुंगा दुर्घटनालाई नियोजित हत्याका रूपमा लिनेहरू पनि प्रशस्तै थिए। भारतीय तथा अमेरिकी गुप्तचर संस्थाले संसारबाट कम्युनिस्ट सखाप पार्ने उद्देश्यले यो हत्याको षडयन्त्र गराएको हल्लाले पनि बजारमा ठूलै चर्चा पायो, त्यसबेला। यही परिस्थितिमा आफ्ना बाबुआमाको मृत्यु हुँदा काजकिरियासमेत गर्नु हुँदैन भन्ने मान्यता राख्ने नेपाली कम्युनिस्टले भण्डारीलाई सेतो साडीमा जनतासामु प्रस्तुत गरे। सेतो साडीमा देखिएकी विद्या भण्डारी नेपाली समाजको मानसपटलमा यस्तरी छाइन, उनीप्रति पार्टीभित्र र बाहिर सहानुभूतिको बाढी नै उर्लियो। पतिको मृत्युपछि शोकमा डुबेकी भण्डारीको दोस्रो चरणको राजनीतिक यात्रा यहींबाट सुरु भयो। र, बुधबार नेपाली प्रजातान्त्रिक आन्दोलनका सिपाही तथा कांग्रेसका हस्ती कुलबहादुर गुरुङलाई हराउँदै नेपालको इतिहासमा पहिलोपटक महिला राष्ट्रप्रमुख भएर इतिहास रचिन्।

त्यसो त सेतो कपडामा देखिएकी भण्डारीको तस्बिर उतिबेलै यति सशक्त भएको थियो, उनले अन्य राजनीतिक हस्तीलाई चुनावी प्रतिस्पर्धामा सहजै माथ खुवाएकी थिइन्। मदन भण्डारीको मृत्युपछि खाली भएको काठमाडौं-१ मा सम्पन्न उपनिर्वाचनमा उनले नेपाली कांग्रेसका शीर्षनेता कृष्णप्रसाद भट्टराईलाई हराइन्। उक्त हारले नेपाली कांग्रेसका संस्थापक नेता भट्टराईको राजनीतिक जीवनमै ब्रेक लगाइदियो। त्यसपछि ०५४ सालमा भण्डारी वातावरण तथा जनसंख्या मन्त्री बनिन्। ०५१ सालको निर्वाचनमा उनले पूर्व सभामुख दमननाथ ढुंगानालाई समेत पराजित गरिन्। उनको यो राजनीतिक सफलतामा दिवगंत श्रीमान मदन भण्डारीको छविको हात नभएको होइन, तर त्यही



कारणले मात्र उनी राजनीतिमा सफल भएको तर्क गर्नु इतिहासको गलत मूल्यांकन हुनेछ। त्यो एक नेपाली नारीको जटिल राजनीतिक यात्राको अवमूल्यन पनि हो। किनकि, व्यक्तिगत कौशलता वा विरासत मात्र कसैको राजनीतिक उदयका लागि सबथोक होइन र हुन पनि सक्दैन। वद्या भण्डारी आफ्नो विवाहअघि नै प्रशस्त राजनीतिक सम्भावना बोकेकी महिला हुन्। त्यसमा समयले पनि साथ दिएर एकपछि अर्को अवसर प्राप्त हुँदै गएको पार्टी सचिव योगेश भट्टराई बताउँछन्।

'समयले दिएको अवसरलाई राम्रोसँग उपयोग गर्दै जानु उहाँको राजनीतिक सुझबुझ नै हो,' उनले बुधबार सेतोपाटीसँग भने। तत्कालीन समयले राजनीति लगायत अन्य क्षेत्रमा प्राप्त गर्ने उत्कृष्टतामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। भण्डारीसँग मुख्यत: दुई राजनीतिक हतियार थियो। पहिलो, मदन भण्डारीको विरासत र दोसो, समावेशिताको मुद्दा पेचिलो हुँदै जाँदा उदीयमान महिला नेतृ। पार्टीभित्र र बाहिर विकसित हुँदै गएको जटिल राजनीतिक गणितमा बाँकी काम भने उनको राजनीतिक चातुर्यले नै खेल्यो। महाकाली सन्धिका विषयमा पार्टीभित्र चर्को विवाद सुरु भएलगत्तै उनी मदन भण्डारीको विरासतबाट अलिकति पछि हटिन्। भण्डारीको बिंडो थाम्दै पार्टी एकताका लागि कुनै पक्षमा लाग्नु हुन्न भन्ने धेरैको सुझाव लत्याउँदै उनी सन्धिको पक्षमा केपी ओली-माधव नेपाल गुटमा लागिन्। ०५० देखि ०५४ सम्म पार्टीको मजदुर संगठन 'जिफन्ट' मा महिला विभाग प्रमुख रहेकी भण्डारी नेपालगन्जमा सम्पन्न छैटौं महाधिवेशनबाट केन्द्रीय सदस्य बनिन्। त्यसपछि खुलेरै केपी ओली र माधव नेपालको समर्थनमा देखिन थालिन्। गुटबन्दी राजनीतिमा माहिर भण्डारी ०६४ सालमा बुटवलमा सम्पन्न आठौं महाधिवेशनबाट पहिलोपटक उपाध्यक्ष पदमा निवार्चित भइन्। आफ्नो चातुर्यकै कारण उनी ०७१ सालमा सम्पन्न काठमाडौं महाधिवेशनमा पुन: उपाध्यक्ष निर्वा‍िचत भइन्।

उनलाई पार्टीभित्र र बाहिर सबैभन्दा कट्टर र कठोर 'बार्गेन' गर्ने नेताका रूपमा लिने गरिन्छ। कतिपय पार्टी नेताका अनुसार भण्डारीले प्रधानमन्त्री केपी ओलीलाई समेत नरम नेताका रूपमा लिने गर्छिन्। हुन पनि भण्डारीको मुखबाट प्राय: लोकप्रिय कुरा होइन, कठोर कुरा नै सुनिन्छ। नागरिकताको सवालमा उनले लिएको विचारलाई कतिपय महिलावादीले आलोचना पनि गर्ने गरेका छन्। लामो समयदेखि एमालेको अखिल नेपाल महिला संघको नेतृत्वमा रहेकी भण्डारीले महिला प्रतिनिधित्वको पक्षमा पार्टीमा अडान भने राख्दै आएकी हुन्। उनको राजनीतिमा देखिने प्रस्ट भूमिका भने कटवाल काण्डमा सार्वजनिक भयो। त्यतिबेला पार्टीमा अशोक राई ढुलमुलमा थिए भने वामदेव गौतम एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल नजिक । यस्तो अवस्थामा पार्टीमा तत्कालीन प्रधानसेनापति रुक्मांगद कटवालको कारबाहीविरुद्ध चर्को रूपमा कुरा उठाउने र राष्ट्रपतिसँग गएर पहल गर्ने काम भण्डारीले नै गरेकी थिइन्। त्यसै कारण भण्डारी नेपाली सेनाका जर्नेलहरूमाझ पनि लोकप्रिय थिइन्। पार्टी नेताहरूका अनुसार उनी रक्षामन्त्री बन्नुको कारण पनि यही हो। नेपाली कांग्रेसलाई राष्ट्रपति पद दिनुपर्छ भन्ने मत रहँदा रहँदै उनलाई पार्टीभित्रबाट राष्ट्रपति बन्न समर्थन प्राप्त हुनुको अर्को कारण पार्टी अध्यक्ष पदमा उनको दावी पनि हो। दुई कार्यकाल उपाध्यक्ष भएको, विगतको कार्यमूल्यांकन राम्रो रहेको र मदन भण्डारीको विरासतका कारण उनलाई धेरैले पार्टी अध्यक्षको उम्मेदवारका रूपमा हेरेका थिए। त्यसैले, उनलाई राष्ट्रपति पद दिनु पार्टीभित्र अरूका लागि सिर्जना हुने राजनीतिक अवसर पनि हो। ४४ वर्षकै उमेरमा ब्लड क्यान्सरबाट पीडित बनेकी भण्डारी उपचारपछि क्यान्सरमुक्त भएकी छन्। उपचारका कारण उनको कम्मरमा भने समस्या देखिएको छ। उनी हिंँडडुल गर्न सहज मान्दिनन्। क्यान्सरका कारण उनले पार्टीभित्र सहानुभूति बटुलेको मान्नेहरू पनि छन्। कुनै एक गुटमा मात्र रहँदा पनि भण्डारीको चातुर्य, श्रीमानको विरासत र महिला भएका कारण उनलाई अर्को गुटले पूर्ण रूपमा निस्तेज गरेर जाने अवस्था कहिल्यै भएन। आज सबै प्रमुख पार्टीका कुनै न कुनै किसिमको राजनीतिक विरासत भएका महिलामध्ये भण्डारी सबैभन्दा प्रभावशाली र उच्च पदमा पुग्नुको एउटा कारण यो पनि हो।

उनले आफ्ना पतिसँगको पारिवारिक सम्बन्ध यथावत राखेकी छन्। आफ्नी सासू र देवर डा. कैलाश भण्डारीको परिवारसँगै उनको परिवार बस्छ। उनकी छोरी उषाकिरण भण्डारी भारतको जवाहरलाल नेहरु विश्वविद्यालयमा पढ्छिन भने छोरी निसाकुसुम भण्डारी चिकित्सक छिन्। एमाओवादी नेता नारायणकाजी श्रेष्ठको शब्दमा, प्रमुख दलहरूमध्ये एमाले सबैभन्दा चरम दलगत र गुटगत स्वार्थमा चल्ने पार्टी हो। २०५१ सालपछिको नेपाली राजनीतिक इतिहास हेर्दा श्रेष्ठको भनाइ अतिसयोक्तिपूर्ण लाग्दैन। यो सन्दर्भमा विद्या भण्डारीले राष्ट्रपतिजस्तो तटस्थ पदको मर्यादा कसरी राख्न सक्छिन्, त्यो भने उनको कार्यशैलीले नै बताउनेछ।

# एनओसी र पेट्रो चाइनाबीच इन्धन कारोबार गर्ने सम्झौता

**काठमाडौं ११ कार्तिक ।**

चीनसँग दीर्घकालीनरुपमा पेट्रोलियम पदार्थ आयात गर्न सरकारको स्वामित्व रहेको नेपाल आयल निगम र चीनको सरकारी स्वामित्वको पेट्रो चाइनाबीच बुधबार बेइजिङमा सम्झौता भएको छ । यो सम्झौतासँगै नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेशन( आइओसी)बीचको पेट्रोलियम पदार्थको एकाधिकार व्यापार तोडिएको छ भने चीनबाट इन्धन आयातको बाटो खुलेको छ ।"आयल निगम र पेट्रो चाइनाबीच इन्धन आयात गर्ने सम्झौंता भएको छ" चीनका लागि नेपाली राजदूत महेश मास्केले भने- "यो सम्झौंता पछि चीनबाट दीर्घकालिन रुपमा आयात गर्ने बाटो खुलेको हो ।" दुई देशका व्यापारीक निकायबीच भएको सम्झौतामा निगमका कार्यकारी निर्देशक गोपालबहादुर खड्का र पेट्रो चाइनका कार्यकारी प्रमुखबीच हस्ताक्षर भएको राजदूत मास्केले जानकारी दिए । सम्झौता गर्नु अगाडिको छलफलमा दुई देशबीचको नाकालाई प्रभावकारी बनाउने र सडकलाई चौडा गर्ने विषयमा पनि छलफल भएको त्यस विषयमा चिनीया पक्ष सकारात्मक रहेको उनले जानकारी दिए । नेपालमा जारी सङ्कट समाधानका लागि चिनीया पक्षसँग नेपाल सरकारले हवाई मार्गबाट भएपनि इन्धन उपलब्ध गराउन आग्रह गरेको थियो । छलफलमा नेपाली पक्षले चिनीया पक्षलाई अन्तर्राष्ट्रिय बजार मूल्यमा नेपालमा इन्धन पठाउन आग्रह समेत गरेको थियो । जवाफमा चिनीया पक्षले नेपाली पक्षको आवश्यकता अनुसार इन्धन उपलब्ध गराउन तयार रहेको र त्यसका लागि विभिन्न तहमा तयार गर्नुपर्ने पूर्वाधार तथा प्राविधिक संरचना बनाउँदै लैजाने आश्वासन दिएको थियो । सम्झौतामा नेपालमा आवश्यक पर्ने कुल आयातको एक तिहाई इन्धन चीनबाटै आयात गर्ने प्रतिवद्धता गरिएको छ भने दीर्घकालिनरुपमा इन्धनमा देखिदै आएको समस्याको विकल्पको रुपमा यस सम्झौतालाई लिइएको छ ।

यता, नेपाललाई चीनले दिने अनुदानको पेट्रोलियम पदार्थ चीनको केन्द्रीय भण्डारबाट केरुङ आउनेक्रम अगाडि बढेको छ । पेट्रोलियम पदार्थ चिनियाँ राजमार्गबाट केरुङ आउँदै गरेको र केरुङ आइपुग्नासाथ रसुवामा खबर पठाइने चिनियाँ अधिकारीहरुले आफूलाई जानकारी दिएको प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जानकारी दिए । प्रजिअ गेलाल तेलको अवस्थाबारे बुझ्न केरुङ पुगेका थिए । रासस

# नि:शुल्क मस्तिष्कघात परीक्षण हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**

विश्व मस्तिष्कघात दिवसको अवसरमा पोखरा-२ विन्ध्यवासिनी स्थीत एबी केयर एण्ड रिहावीलीटेसन हस्पिटलमा बिहिबार नि:शुल्क मस्तिष्कघात परीक्षण हुने भएको छ । हस्पिटलका डाक्टर अनिलबाबु पराजुलीका अनुसार कार्यक्रममा मस्तिष्क जोगाउ कार्ड वितरण, स्वास्थ परीक्षण,सुगर र कोलेस्ट्रोल परीक्षण र सन्तुलित भोजन बारे जानकारी दिइने छ । उनका अनुसार शिविरमा स्वास्थ परीक्षण गर्न जाने विरामीले आफू कति प्रतिशत पक्षघातको शिकार बन्ने सम्भावनाको खतरा बारे जानकारी हासिल गर्न सक्नेछन् । नेपालमा प्रत्येक १० जना मध्ये १ जना मानिस आफ्नो जीवन कालमा मस्तिष्कघातको शिकार हुन्छन् । १० जना मुटु रोगीहरु मध्ये ९ जना लाई मस्तिष्कघात हुने प्रबल सम्भावना हुन्छ ।

विश्वमा प्रत्येक ६ सेकेण्डमा एक जनाको मृत्यु मस्तिष्कघातको कारणले हुने गर्दछ । विश्वमा क्यान्सर र मुटु रोग पछि मानिसको मृत्युको तेस्रो कारण मस्तिष्कघात हो । मस्तिष्कघात भएपछि ६० मिनेट भित्र नजिकको अस्पतालमा पुगि उपचार सेवा लिएमा सम्भावित जोखिमबाट बचाउन सकिनेछ । चिकित्सकका अनुसार मुटु रोग, उच्च रक्तचाप, उच्च कोलेस्ट्रोल र मधुमेहका विरामीलाई मस्तिष्कघात हुने सम्भावना बढी हुन्छ ।

# अपरमादी अनिश्चित

**पोखरा ११ कार्तिक ।**

कास्कीको सिल्दुजुरे गाविस-९ बाहुन डाँडामा निर्माणाधीन अपरमादी जलविद्युत् आयोजनाको निर्माण कार्य अनिश्चित बनेको छ । दुई महिना अघि मधेस आन्दोलन र भारतले लगाएको नाकाबन्दीको लगत्तैदेखि इन्धन अभाव र विदेशबाट झिकाइएको उपकरण ल्याउन नसक्दा आयोजनाको निर्माण अनिश्चित बनेको हो । करीव ७० प्रतिशत निर्माणकार्य सकिएको सो आयोजनाको काम यही वर्षको चैत्र महीनाभित्र सकेर आयोजनाबाट उत्पादित विद्युत् वितरण गर्ने लक्ष रहेको थियो । आयोजना प्रमुख रामराज कोइरालाका अनुसार आयोजनाको चार हजार २०० मिटर सुरुङ्ग खन्ने काम सकिएको छ । आयोजनालाई आवश्यक पर्ने उपकरण भारतीय सीमामा नै रोकिएका छन् । निर्माण कार्य बन्द भएपछि सबै कर्मचारी र कामदार घर फर्केका छन् । आयोजनाका सबै काम सञ्चालन गर्न दैनिक १० हजार लिटर इन्धन आवश्यक पर्ने गरेको कोइरालाले जानकारी दिए । मादी खोलाबाट निकालिने २५ मेगावाट क्षमताको सो जलविद्युत् आयोजना विसं २०६९ पुस महीनाबाट सुरु गरिएको थियो । अनुमानित लागत करिब रु पाँच अर्ब २८ करोड बराबरको रकम स्वदेशी तथा वैदेशिक सहयोग जुटाई उक्त आयोजना सुरु गरिएको थियो । कूल लागतमध्ये आयोजनाका कार्यकारी अध्यक्ष विजय मल्लको २० प्रतिशत र 'चाईना थ्री गर्जेज कर्पोरेशन'को ८० प्रतिशतको सहयोगमा आयोजना सुरु गरिएको थियो । रासस

# राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनौट

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ११ कार्तिक ।**

मंसिर दोस्रो सात पूर्वाञ्चलम आयोजना हुने सातौं राष्ट्रिय खेलकुद प्रतियोगितामा विभिन्न खेलमा सहभागी हुने खेलाडीको छनोट कास्कीका विहीबारदेखि सुरु हुँदै छ । छनोट प्रतियोगिता अन्तर्गत १२ देखि १४ गतेसम्म पोखरा रगंशालामा बक्सिङ, तेक्वान्दो, कराँते, टेबुलटेनिस, ब्याण्डमिन्टन, बास्केटबल, ह्णण्डबल र फूल कन्ट्याक कराँतले खेलको छनोट गरिने जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले जानकारी दिए ।

छनोट अर्न्तगत कात्तिक १२ गते ब्याडमिन्टन, ह्याण्डबल १३ गते, कुलकन्टयाक कराँते १४ गते, कराँते र टेबुलटेनिस १५ गते, तेक्वान्दो १६ गते, बास्केटबल १७ गते र बक्सिङको २३ गते छनोट गरिने भएको छ । प्रमुख बरालका अनुसार फुटबल, एथलेटिक्स, भारत्तोलन, भलिबल, कवडि, उसु, जुडो, बृद्धिचाल, आइटिएफ तेक्वान्दो, सुटिङ, क्रिकेट, खो लगायतका खेलका खेलाडीहरु छनोट भैसकेका छन् । साइकिलिङ, जिम्न्याष्टिक, इस्क्वास, सेताक टाक्रो, लनटेनिस, गल्फ, ट्राथलन खेलका खेलाडीहरु सिधै प्रतियोगितामा सहभागी हुन पाउने प्रमुख बरालले जानकारी दिए । राष्ट्रिय प्रतियोगितामा सहभागी ३५ खेल मध्ये कास्कीले कुस्ती बाहेक ३४ खेलमा सहभागीता जनाउने छ । जिल्लामा छनोटमा विजेता खेलाडीले क्षेत्रीय छनोटमा सहभागीता जनाउन पाउने छन् ।

यसैबीच **एशियन च्याम्पियन शिपमा सहभागिता जनाउने** पोखरेली आर्चरी खेलाडीहरुको बुधबार विदाई गरिएको छ । थाईल्याण्डको बैंककमा नोभेम्बर १ देखि ९ तारिखसम्म हुने साफ च्याम्पियनसीपमा सहभागि हुन जान लागेका आर्चरीका अन्तर्राष्ट्रिय खेलाडी अशिम शेरचन र कृष्णकुमार गुरुङलाई बुधबार पोखरामा बिदाई गरिएको हो । कास्की जिल्ला आर्चरी संघ खेलाडीहरुको विदाई गरेको हो । खेलाडीहरुलाई नेपाल आर्चरी संघका केन्द्रीय अध्यक्ष हरिध्वज तुलाचन, कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यामबहादुर गुरुङ, क्षेत्रीय खेलकुद विकास समितिका निमित्त कार्यालय प्रमुख डिवी नेपाली, जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यालय प्रमुख प्रकाश बराल, संघ कास्कीका अध्यक्ष बसन्त थकाली, क्षेत्रीय प्रशिक्षण प्रमुख बिद्या मर्सानीलगायतले अविर र खादा लगाइदिएर पूर्ण सफलताको कामना सहित बिदाई गरे ।

शेरचन र गुरुङसहित जितबहादुर मोक्तान, प्रेमप्रसाद पुन र एक महिला खेलाडी कृष्ण माया स्याङतेन साफ च्याम्पीयनसिपमा सहभागि हुँदैछन । विदाई कार्यक्रममा बोल्दै प्रतियोगितमा सहभागी खेलाडी असिम शेरचनले आर्चरीमा नेपालको सम्भावना राम्रो रहेको बताए । अर्का खेलाडी केके गुरुङले पनि मलेसिया पछि नेपाल आर्चरीमा बलियो रहेको दाबी गर्दै यो खेल नेपालका लागि सम्भावना भएको बताए । खेलाडीहरु शुक्रबार थाईल्याण्ड प्रस्थान गर्नेछन ।


भ्रमण गरौं पूर्वाञ्चल पुरा गरौं मनको रहर

❖प्रत्येक सोमबार धरान ईलाम हुँदै ७ दिने दार्जीलीङ्ग सिक्किम टुर खाना बाससहित रु.१२०००।-मात्र
❖प्रत्येक शुक्रबार ३ दिने हलेंसी महादेव दर्शन यात्रा खाना सहित रु.५०००।-मात्र
❖नेपाल तथा भारतको तीर्थयात्रा तथा खानपान सहितको शैक्षिक भ्रमणहरु गराईन्छ ।

आयोजक
श्रीकृष्ण मनकामना तीर्थयात्रा कं.प्रा.लि.
प्रधान कार्यालय : इटहरी, सुनसरी
पोखरा सम्पर्क : होटल प्लानेटसगै, लेकसाइड, पोखरा
फोन : ९८५२०५७७२९, ९८५६०३९६३३, ०६१-४६४९१९



STUDY IN JAPAN
January/April intake 2016

➔ High Visa Success rate
➔ NAT/JLPT Optional
➔ Audio/ Video को माध्यमबाट पढाइ
➔ College/ City of your Choice
➔ Free language / Documentation
➔हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
➔ Gap भएकाले पनि Apply गर्न मिल्ने
➔ जापानमा आफ्नै Hostel र अफिस भएको

कक्षाहरू धमाधम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क

पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668







सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा